# राष्ट्रिय सुरक्षा र विकासः आधार तथा दृष्टिकोणहरू

सुजन अधिकारी


**लेखसार**

*मानव सभ्यताका विभिन्न चरणहरूसँगै सम्पूर्ण विश्व खण्डीकरण हुँदै एउटा निश्चित सिमाना र साँधमा समेटिन पुग्यो । परिणामस्वरुप वर्तमानमा फरक-फरक राष्ट्र र राज्यहरू खडा भए । विश्वको इतिहासमा विभिन्न कालखण्डमा राष्ट्र-राष्ट्रबिचमा भएका युद्धका घटनाहरूबाट राष्ट्र बन्ने र भत्कने शृङ्खलाका रुपबाट हेर्दा पनि राष्ट्रहरू निर्माण भएको मान्न सकिन्छ । पूर्वीय तथा पाश्चात्य जगत्का धर्मग्रन्थ तथा प्राचीन दस्तावेजहरूले राष्ट्र निर्माणका क्रममा अनेकौं घटनाहरू घटेको कुराको वर्णन पाइन्छ । पूर्वीय सभ्यताको सबैभन्दा प्राचीन मानिने हिन्दू धर्मग्रन्थका विभिन्न घटनाहरूमध्ये महाभारतमा राष्ट्रभित्रका गतिविधि र राज्य सञ्चालनका क्रममा अपनाउनु पर्ने विभिन्न अभ्यासहरूको चर्चा गरिएको पाइन्छ । यसै गरी पाश्चात्य सभ्यताको ग्रीक मिथोलोजी अन्तर्गतको ट्रोजन वार लगायत अन्य विभिन्न घटनाहरूलाई राष्ट्र र राज्य निर्माणका क्रममा आइपर्ने महत्त्वपूर्ण र प्रेरणदायी स्रोतका रुपमा मान्न सकिन्छ । यद्यपि यी पौराणिक र ऐतिहासिक पक्षहरूलाई वर्तमान विश्वसँग पूर्ण रुपमा तुलना भने गर्न सकिँदैन । आजको विश्व र त्यहाँभित्र रहेका राष्ट्र र राष्ट्रिय सुरक्षा र विकासको चर्चा यस लेखमा गरिएको छ ।*


**शब्दकुञ्जी**ः राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, सामाजिक विकास, परम्परावाद, आधुनिकीकरण, विश्वव्यापीकरण, सेना तथा नागरिक ।

**विषय परिचय**

राष्ट्रिय सुरक्षा व्यवस्थालाई परिभाषित गर्ने क्रममा विभिन्न अध्ययन, अनुसन्धान हुनुका साथै व्यक्तिहरूका आ-आफ्नै धारणा र तर्कहरू रहेका छन् । *हार्वड विश्वविद्यालयका अनुसार नागरिक र समुदायलाई विश्वसनीय तवरले आत्मनिर्णय, स्वायत्तता, समृद्धि र सुखको उपभोग गर्न सक्षम तुल्याउने गरी आन्तरिक र बाह्य परिस्थितिलाई नियन्त्रणमा राखिराख्ने राजकीय वा शासकीय क्षमतालाई राष्ट्रिय सुरक्षा व्यवस्था भनी परिभाषित गरिएको पाइन्छ।* यस प्रकारले राष्ट्रिय सुरक्षाको परिभाषालाई हेर्दा प्रथमतः नागरिक र समुदायलाई नै प्रमुख रुपमा उभ्याइएको देखिन्छ। राष्ट्रिय सुरक्षा नीतिको अवधारणा विशेष गरी दोस्रो विश्वयुद्धको अन्त्यपश्चात् विभिन्न मुलुकहरूले अपनाएको मानिन्छ। यस अवधारणको नीति सबैभन्दा बढी शक्तिसम्पन्न राष्ट्रहरूले तथा विश्वयुद्धका क्रममा मुख्य कारक बनेका मुलुकहरूले यसको प्रयोग बढी गरेको देखिन्छ। मुख्यतः यस नीतिको अमेरिकामा बढी प्रयोग र विकास भएको मानिन्छ। तत्पश्चात फ्रान्स, जर्मनी र रुस लगायत यूरोप र अमेरिकाका थुप्रै शक्तिसम्पन्न राष्ट्रहरूले यस प्रकारको नीतिलाई बलियो पार्दै लगेको देखिन्छ जसको प्रभाव र प्रयोग पछिल्लो समयमा एसिया र अफ्रिकाका निकै बलिया मानिने राष्ट्रहरूमा पनि परेको देखिन्छ ।

**विश्लेषणात्मक दृष्टिकोण**

राष्ट्रिय सुरक्षाको *परम्परावादी राज्य केन्द्रित अवधारणा परिवर्तित भई मानव केन्द्रित बन्न पुगेको छ। तर पनि साना राष्ट्रहरूले विभिन्न आकार र प्रकृतिका*

*चुनौतीको सामना गर्नु परिरहेको छ । साना राज्यहरूले यस प्रकारको कठीनाइहरू भोग्नुमा केही आन्तरिक तथा वाह्य तत्वहरू रहेका छन् । जसमा पूर्ववत् किसिमकै राजनैतिक प्रणाली, आर्थिक तथा सामाजिक विकासका ढाँचाहरूलाई जोडेर हेर्न सकिन्छ (बराल, पृ. १) ।* यसै गरी *राष्ट्रिय सुरक्षाको नवीन परिभाषामा परम्परागत सैन्य प्रभाव तथा सैन्य तत्वका आधार हरूलाई प्राथमिकतमा नराखी जहाँ सशस्त्र सुरक्षाको सिद्धान्त प्रधान रुपमा रहेको हुँदैन । साधारण प्रकारका मापनहरू व्यापकरुपमा लागु भई पुराना मान्यताहरूलाई प्रतिस्थापन गर्दै उक्त कुरालाई उच्चतम प्राथमीकताका रुपमा राखेको देखिन्छ ( ग्रिजोल्ड, पृ. ३७-५३) ।* राष्ट्रिय सुरक्षाका बिभिन्न बुझाइहरूलाइ मापन गर्दा बिनोज बस्न्यातले यसको प्रमुख चारवटा स्तम्भहरू अघि सार्दै यसको वर्तमान परिभाषालाई औंल्याउँछन्: *सार्वभौम सत्तालाई बलियो बनाउनु र यसको रक्षा गर्नु, देशको जनसङ्ख्याको आकारलाई मिलाउनु र यसको सुरक्षाको सुनिश्चितता गर्नु, सम्पतीहरूको सुरक्षा, भौतिक संरचना र संस्थाहरू साथै क्षेत्रीय अनुकूलताको सम्बर्द्धन र अन्तर्राष्ट्रिय वातावरणलाई* उनले प्रमुख प्राथमिकता ठानेका छन् ।

*नेपालको वर्तमान संविधान र कानुनले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकतालाई अक्षुण्ण राख्नु तथा व्यक्तिको जिउ-धन र स्वतन्त्रताको संरक्षण प्रत्याभूत गर्नुलाई राष्ट्रिय सुरक्षा भनी उल्लेख गरिएको पाइन्छ । राष्ट्रिय सुरक्षा एक बहुआयामिक विषयवस्तु हो । मुलुकको प्रतिरक्षा मामिला, आन्तरिक सुरक्षा, परराष्ट्र मामिला, सामाजिक, आर्थिक नीति र विकासको पक्ष बृहत् अर्थमा राष्ट्रिय सुरक्षाका अन्तर्वस्तु हुन् ।* वर्तमान नेपालको संविधानभित्र समेटिएका राष्ट्रिय सुरक्षा सम्बन्धमा उल्लेख भएका यी अलग-अलग अन्तर्वस्तुहरू, नेपालको राष्ट्रिय सुरक्षा र विकासका सर्तहरूलाई संविधानको मर्मअनुरुप पालना गर्नुपर्ने हुन्छ । यस परिभाषाबाट के पुष्टि हुन आउँछ भने एउटा सिङ्गो मुलुकको राष्ट्रिय सुरक्षा व्यवस्थापन पूर्ण हुनका लागि माथि उल्लिखित सम्पूर्ण पक्षहरूलाई अनिवार्य र सक्रिय रुपमा व्यवहारमा उतार्नु अनिवार्य छ, अन्यथा राष्ट्रिय सुरक्षामाथि नै चुनौती पैदा हुन जान्छ । सँगैसँगै विकासका पक्षहरू पनि कमजोर हुन गई राष्ट्र नै धरापमा पर्नेसम्म हुन जान्छ । *सुरक्षाको रणनैतिक पक्षको अभावमा कार्यकारी अवस्थाको समग्र दृष्टिकोणको खाँचो राष्ट्रिय सुरक्षा र प्रशासनलाई पर्न जान्छ । यदि सुरक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएन भने ठूलो र कठोर मूल्यको सामना गर्नुपर्ने हुन्छ । त्यसैले नेपाललाई एक कुशल, नवीन र चुस्त सुरक्षा प्रणालीको खाँचो रहेको छ (बस्न्यात, २०७६) ।*

**नवीनतम सैद्धान्तिक आधारहरु**

विश्वव्यापीकरण र आधुनिकीकरणको मुद्दालाई पनि राष्ट्रिय सुरक्षा र विकासको सन्दर्भसँगै जोडेर हेर्न सकिन्छ । विश्वव्यापीकरणका सम्बन्धमा मार्शल म्याक्लुहान "*ग्लोबल भिलेज*"को अवधारणामा लेख्छन्: *"समय" बन्द भइसक्यो, समयको अवधि" हराइसकेको छ । सम्पूर्ण विश्व एउटै गाउँ भएको छ ...सबैतिर एकैपटक चलिरहेको छ । (अनु: म्याक्लुहन, १९६७, पृ. ६३)* उनको यो विचार सान्दर्भिक नै मान्न सकिन्छ । विश्वको कुनै कुनामा घटिरहेको जुनसुकै घटनालाई पनि इन्टरनेट वा टेलिभिजन मार्फत् हामी तत्काल जानकारी प्राप्त गर्न सक्छौँ । सूचना तथा सञ्चारको बृहत्तर विकास र प्रसारले विश्व खुम्चन गई एउटै गाउँ जस्तो बन्न पुगेको छ । यसरी पर्न गएको प्रभावले राष्ट्रिय सुरक्षा तथा विकासका पक्षमाथि पनि सोच्न बाध्य तुल्याएको छ । एक राष्ट्रले अर्को राष्ट्रमाथि प्रविधिका माध्यमबाट निगरानी गरिरहेको हुन्छ । कुनै पनि देशको चालचलन, रीतिरिवाज, व्यवहार तथा सरकारको स्थितिलाई नजिकबाट नियाल्ने अवसरलाई यति बेला सूचना तथा सञ्चार प्रविधि सबैभन्दा सजिलो माध्यम बनेको छ । यसो भएको हुँदा यसतर्फको कुरालाई पनि ध्यानमा राखी राष्ट्रिय सुरक्षा नीतिको प्रणालीलाई पूर्ण सुझबुझका साथ सुरक्षित तथा व्यवस्थित बनाउनुपर्ने जरुरी हुन जान्छ ।

आधुनिकीकरण अर्को राष्ट्रिय सुरक्षा तथा विकासको मुद्दासँगै जोडिएर आउने महत्त्वपूर्ण विषयवस्तु हो। आधुनिकीकरणको सिद्धान्तलाई सबैभन्दा पहिले प्रयोगमा ल्याउने जर्मन समाजशास्त्री माक्स वैबर हुन् भने पछि सन् १९६० मा गएर सोही सिद्धान्तलाई हार्वडका अर्का समाजशास्त्री टाल्कोट पार्सनले यसैलाई अगाडि बढाएका थिए। आधुनिकीकरणको परिभाषा दिने क्रममा परम्परागत जीवनशैली, पुराना मूल्यमान्यता लगायत अन्य विभिन्न पक्षहरूलाई धेरै मात्रामा परिवर्तन गरी नयाँ व्यवस्थाहरू र जीवनशैलीलाई ग्रहण गर्दै लैजानुलाई यसका प्रस्तावकहरूले आधुनिकीकरण भनी सुझाएका छन्। समय क्रमअनुसार आम विश्व पुराना स्थापित मानवीय क्रियाकलापहरूलाई छाड्दै नयाँ-नयाँशैलीहरूलाई अँगाल्ने प्रक्रियाको तीव्र रुपमा विकास भयो जसको सबैभन्दा सक्रिय प्रभाव औद्योगीककीकरणमा देख्न सकिन्छ। औद्योगीककीकरणले सम्पूर्ण रुपबाटै विश्वलाई विस्तारै आधुनिकीकरणको बिल्कुल नयाँ दुनियाँमा धकेलिदियो जसको प्रभाव बलियो गरी स्थापित हुन गयो र आजको यो संसार बन्न पुग्यो। आधुनिकीकरण आफैँमा एउटा गतिशील प्रक्रिया हो। यसले आफ्नो प्रभाव सधैँभरि र सबैतिर जमाइरहन्छ। यो प्रभाव पनि राष्ट्रिय सुरक्षा र विकासको कुरासँगै जोडिन जान्छ। यस अर्थमा हामीले आधुनिकीकरणलाई नकारेर राष्ट्रिय सुरक्षा र विकास जस्तो गम्भीर कुरालाई सञ्चालन वा व्यबस्थापन गर्न सक्दैनौँ। आधुनिकीकरण यो युगको अनिवार्य माग र सर्त बनिसकेको छ र यसलाई राष्ट्रिय सवालसँग जोडेर हेर्नु अनिवार्य भएको छ। यसैले आधुनिकीकरण राष्ट्रिय सुरक्षा र विकासमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने तत्व हो।

## अन्तरदेशीय संरचना

वर्तमान विश्वलाई मुख्यतः शक्तिसम्पन्न राष्ट्रहरूको समूह र कमजोर राष्ट्रहरूको समूह गरी दुई धारमा बिभाजन गर्न सकिन्छ। यसरी दुई धारमा विभाजित राष्ट्रहरूले राष्ट्रिय सुरक्षा र विकासका रणनीतिहरूलाई आ-आफ्नै तवरबाट अभ्यास र सञ्चालन गरिरहेका छन्। यसकारण सम्पन्न राष्ट्र र बिपन्न राष्ट्रकाबीच राष्ट्रिय सुरक्षा विकासका नीति तथा प्रक्रियाहरूलाई एउटै कोणबाट हेर्न भने सकिँदैन। यसै सम्बन्धमा लोकराज बराल 'एसियन सर्भे' पुस्तकभित्रको लेखमा बिशेष गरी दक्षिण एसियाका मुलुकका सुरक्षा नीतिका सम्बन्धमा लेख्छन्: *"दक्षिण एसियामा मूलतः कुनै क्षेत्रीय सुरक्षा नीति नै छैन। देशहरू क्षेत्रीय रुपमा एकअर्कासँगै कसिएको हुँदा बाह्य चुनौती को साझा अनुभव पनि कतै छैन। यस प्रकारको ढाँचालाई हेर्दा दक्षिण एसियाका राज्यहरूले साझा रणनीतिको कार्यतर्फ बढेको जस्तो देखिँदैन"* (अनुः बराल, सन् १९८६, पृ. १२०७-१२१९)। यो एउटा मोडेल जुन नितान्त दक्षिण एसियासँगै मात्र मेल खान जान्छ, यसबाहेक अन्य यूरोप, अमेरिका र अफ्रिका महादेशका मुलुकहरूका पृथक नीतिहरू छन्। यस अर्थमा विश्वका सम्पूर्ण राष्ट्रहरूलाई तराजुमा राखेर हेर्ने हो भने समान तौल पाउन भने सकिँदैन।

## परम्परागत मान्यताको अन्त्य तथा नवीन आयामहरुको उदय

राष्ट्रिय सुरक्षा र विकासलाई बर्तमान समयमा सँगै जोडेर हेरिनु निकै सान्दर्भिक र महत्त्वपूर्ण कुरा हो। यसका निम्ति सर्बप्रथम राष्ट्रिय सुरक्षा र विकासका आयाम, मुद्दाहरू र विभिन्न देशहरूले अपनाइरहेका राष्ट्रिय सुरक्षा नीति र विकासका प्रसङ्गहरूलाई जोडेर हेर्नु आवश्यक हुन्छ। राष्ट्रिय सुरक्षाका आयामहरू अन्तर्गत भौतिक सुरक्षा, राजनैतिक सुरक्षा, आर्थिक सुरक्षा, पर्यावरणीय सुरक्षा, ऊर्जा तथा प्राकृतिक स्रोतहरूको सुरक्षा, साइबर तथा कम्प्युटर सुरक्षा, निर्माण तथा संरचनागत सम्पत्तिहरूको सुरक्षा आदि पर्दछन्। यसै गरी *दोस्रो विश्वयुद्धभन्दा यताको राष्ट्रिय सुरक्षाको अवधारणामा पुरानो, भारी तथा स्थापित सैन्य बिशेषता जुन जरा गाडिएर रहेको मान्यतामाथि सुरक्षाका सैद्धान्तिक चुनौतीहरू थपियो र राष्ट्रिय सुरक्षामा सैन्य चुनौतीहरूको बुझाइ सैन्य बल वा शक्तिको सामना गर्न सक्ने बिशेषताहरू स्थापित*

*थिए । अन्ततः यो बुझाइलाई नयाँ चुनौतीहरूले पृथक र जटिल बनाइदियो ( ब्राउन, १९८६, पृ. २५-३२)*। यसमा राष्ट्रिय सुरक्षाका आयमहरू पनि प्रमुख मानिन्छन् जसको चर्चा निम्नप्रकार रहेका छन् :

**आयाम तथा मुद्दाहरु**

**भौतिक सुरक्षाः** यो सुरक्षाअन्तर्गत मुख्यतः सेना तथा सैन्य व्यबस्थापन, सीमा-रक्षा र सेनाका साथसाथै राज्यका अन्य प्रमुख सुरक्षा निकायका पक्ष तथा कर्तव्यहरूलाई समेट्न सकिन्छ। यसको उद्देश्य राष्ट्र बिरोधी तत्व, आतंकबादको फैलावट, राष्ट्र र राज्यप्रति अनादर समूहहरूलाई पूर्ण रुपमा रोकी कुनै पनि प्रकारको भौतिक चुनैतीहरूलाई हल गरी राष्ट्रभित्र सौहार्दपूर्ण वातावरण सिजर्ना गर्नु भौतिक सुरक्षाको जिम्मेवारीअन्तर्गत पर्दछ ।

**राजनैतिक सुरक्षाः** कुनै पनि राष्ट्रभित्र राज्य सञ्चालन तथा व्यवस्थापनका लागि राजनीति अनिवार्य पक्षको रुपमा रहेको हुन्छ। राष्ट्रको शासन प्रणाली त्यस राष्ट्रको राजनीतिक व्यवस्थामा आधारित हुन्छ। शासन प्रणाली वा देशको राजनीतिले राज्यको सुरक्षा नीतिलाई पनि दिशानिर्देश गर्दछ । अन्तर्राष्ट्रिय मान्यता र कानुन, राजनीतिक संस्था, कूटनीति, सन्धी तथा सम्झौताहरूलाई मध्यनजर गर्दै देशका नागरिकहरूलाई समान किसिमको शासन पद्दति अपनाउनु पनि राजनैतिक सुरक्षा अन्तगर्तका पक्षहरू हुन् । यसैभित्र उक्त मुलकको विकास र समृद्धि जोडिएर रहेको हुन्छ ।

**आर्थिक सुरक्षाः** लगभग विश्वमा अहिले पूँजीबाद निकै सक्रिय रुपमा हावी भएको छ । पूँजी बिना अबको संसार चल्नै नसक्ने हो कि, भन्ने मान्यता विकास भएको छ । पुँजीसम्बन्धी यस किसिमको मान्यता वा अवधारणले वर्तमान दुनियाँलाई अझ प्रतिस्पर्धी बनाएको छ। पूँजीका बारेमा भएको अस्वस्थ्य प्रतिस्पर्धाले राष्ट्रिय सुरक्षामा दिनानुदिन चुनौती थपिँदै गएका छन्। विभिन्न देशहरूले आफ्नै शैलीमा आर्थिक विकासको रणनीतिहरुलाई अपनाएको पाइन्छ। अन्तर्राष्ट्रिय शैलीको आर्थिक विकासको पक्षलाई विकसित, विकासशील र विकासोन्मुख राष्ट्रहरूका आधारमा हेर्दा त्यहाँका आर्थिक विकासका रणनीतिहरू पृथक रहेको पाउन सकिन्छ । नेपाललाई पनि एक विकासशील राष्ट्र मानिन्छ । यहाँको आर्थिक विकासका रणनीतिहरू त्यति धेरै उत्कृष्ट पाउन भने सकिँदैन जसले गर्दा देशमा रोजगारीको अभाव हुनु, देशले आफ्ना उत्पादनमा जोड दिन नसक्नु, प्राविधिक पछ्यौटेपन, कृषिमा आधुनिकीकरणको अभाव, पर्यटन व्यवसायमा बेवास्ता, व्यावहारिक र प्राविधिक शिक्षाको अभाव, यातायात, सञ्चारको असुविधा, औधोगिकीकरणमा बेवास्ता, खनिजजन्य पदार्थको उत्खनन् र उत्पादनमा जोड नदिनु जस्ता कारणले नेपालको आर्थिक रणनीतिलाई प्रस्ट पारेको छ। यसको सोझो असर प्रतिव्यक्ति आयमा पर्न गएको छ। यसले गर्दा राज्यको आर्थिक नीतिको कमजोरीले गर्दा समग्र राज्यव्यवस्था तथा सुरक्षा नीतिमा नै प्रभाव परेको छ। विकसित मुलकहरूले भने आफ्नो आर्थिक सुरक्षालाई मजबुत बनाउन आफ्नै उत्पादन र उपयोगमा जोड दिएर राष्ट्रिय बजार तथा अन्तर्राष्ट्रिय बजार पनि सुरक्षित गरिसकेका छन्। यसैले देश विकासको लागि आर्थिक सुरक्षाका विविध पक्ष सबल हुनुपर्छ भन्नेमा दुईमत हुँदैन ।

**पर्यावरणीय सुरक्षाः** पर्यावरणले मानिससँगसँगै प्रकृतिमा रहेका सम्पूर्ण जीवात्मा तथा निर्जीव संसारसँगैको सम्बन्धलाई एक अर्काका परिपूरकका रुपमा अटाएको हुन्छ। जहाँ एउटा सन्तुलित दुनियाँको निर्माण भई संसार सञ्चालित भएको हुन्छ। यसरी निर्माण भएको सन्तुलित दुनियाँलाई मानवीय क्रियाकलापहरूद्वारा हस्तक्षेप हुन पुग्यो भने हामी आफ्नै अन्त्यतर्फ धकेलिन बाध्य हुने कुरा निश्चित छ । जनसङ्ख्याको बढ्दो चाप, उद्योगधन्दा तथा कलकारखनाबाट उत्सर्जित धुवाँ, चरम बन फडानी, प्रकृतिका स्रोतहरू (जल, खनिज, वनस्पति आदि) को अनुचित प्रयोग, जीवजन्तुहरूको चोरी सिकारी, बसाइँ सराइ, अव्यवस्थित बसोबास, बिनायोजना सहरीकरण आदि विषयहरू वर्तमान विश्वका पर्यावरणीय समस्यकाका प्रमुख चुनैतीका बिषय बनेका

छन् । विश्वमा बर्तमानको सबैभन्दा ठूलो मुद्दा भनेकै पर्यावरणको हो । यस सम्बन्धमा बेलाबेलामा विभिन्न देशहरूमा यसको चुनौतीलाई चिर्न सम्मेलनहरू पनि भएको थियो । वातावरण आफैँमा एउटा संवेदनशील पक्ष हो । यसरी राष्ट्रिय सुरक्षा र विकासका पक्षलाई अगाडि बढाउँदै गर्दा पर्यावरणको सुरक्षालाई पनि केन्द्रमा राखेर हेरिनु आवश्यक ठहरिन्छ ।

**ऊर्जा तथा प्राकृतिक स्रोतहरूको सुरक्षाः** कुनै पनि मुलुकको अर्थ निर्माण तथा उन्नति-प्रगति तथा विकासको लागि त्यस राष्ट्रको ऊर्जा तथा प्राकृतिक स्रोतहरूको ठूलो भूमिका रहेको हुन्छ । यसको उपयोग विशेष मानिसको दैनिक क्रियाकलापहरूका लागि एकदमै आवश्यक मानिन्छ । मानिस लगायत संसारका सम्पूर्ण जीवात्माहरू पूर्णरुपमा प्रकृतिमै निर्भर रहेका हुन्छन् । यसरी कुनै पनि देशको ऊर्जा तथा प्रकृतिक स्रोतहरू उक्त राष्ट्रको मात्र नभई सम्पूर्ण जगत्को सम्पदा रहेको हुँदा यसतर्फ पनि राष्ट्रिय सुरक्षा तथा विकासका सवालमा हरेक राष्ट्र र त्यसभित्रका राज्यले गम्भीर भएर व्यवस्थापन तथा मात्रालाई मिलाएर मात्र उपयोग गर्नु आवश्यक देखिन्छ ।

**साइबर तथा कम्प्युटर सुरक्षाः** अहिलेको युग कम्प्युटरको हो । प्रविधिको तीब्र विकासले हाम्रो समय र संसारलाई सरल र सहज बनाएको छ। यद्यपि यसका चुनौतीका सवालहरू पनि सँगैसँगै होलान् तापनि कम्प्युटर वर्तमानको अनिवार्यता बनिसकेको छ। अर्कोतर्फ यसको प्रयोग गर्दै गर्दा हामी सचेत र सजग रहनुपर्ने पनि आवश्यक छ । कम्प्युटर वर्तमानमा लगभग हाम्रो दैनिकीसँगै जोडिन पुगिसकेको छ । कुनै पनि राष्ट्रभित्रका सरकारी, गैरसरकारी अन्य विभिन्न संस्थाहरूको कार्यसम्पदनलाई छिटो छरितो तथा चुस्त-दुरुस्त बनाउनका निमित्त कम्प्युटरमा विभिन्न सफ्टवेयरको प्रयोग गरिएको हुन्छ, जसलाई सुरक्षित बनाई आधिकारिक व्यक्तिलाई मात्र सञ्चालन गर्ने अधिकार हस्तान्तरण गरिएको हुन्छ । उक्त कुराको कहिलेकाहीँ दुरुपयोग, ह्याकिङ, म्यलफङ्सन हुन गई गोपनीयता भङ्ग हुने, महत्त्वपूर्ण सामान तथा वस्तुहरू चोरी हुने इत्यादि घटनाहरू हुन गई त्यसको नराम्रो क्षति हुने गरेको कुराहरूको सबुत हाम्रा सामु प्रस्ट छन् । संसारको एक कुनामा तयार गरिएका राष्ट्रिय सुरक्षामा प्रभाव पार्ने हतियारहरू अर्को कुनामा बसेर प्रयोग र उपयोग गर्ने प्रणालीको विकास भइसकेको छ । राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन यस्ता प्रविधिको उपयोग जरुरी बनेको छ । खास गरी सीमा सुरक्षाका सवालमा देशको राजधानीमा बसेर सम्पूर्ण नेपालको सीमा अवलोकन गर्ने प्रणाली संसारमा विकास र प्रयोग भए पनि हाम्रो सन्दर्भमा 'आकाशको फल आँखातरि मर' भएको छ । तसर्थ सूचना प्रणालीको जति विकास हुन सक्यो, राष्ट्रिय सुरक्षा पनि त्यति नै सबल हुने निश्चित छ ।

**निर्माण तथा संरचनाको सुरक्षा** : यो सुरक्षाअर्न्तगत कुनै पनि देशभित्र रहेका आवस, पुल, पुलेसा, बाटो, बिजुली बत्ती, कुलो, भवन आदि पर्दछन् । राज्यले यी विविध पक्षमा उचित ध्यान दिन सकेमा मात्र राष्ट्रिय सुरक्षामा यिनले भूमिका निर्वाह गर्न सक्छन् । नेपाल भौगोलिक विषमताले भरिएको मुलुक हो । क्षेत्रफलका दृष्टिले सानो भए पनि यसका सम्पूर्ण भू-भागमा पुग्न कठिन छ । यस कठिनाइका कारणले विभिन्न स्वार्थी र अपराधी समूहले नेपालको भूमिबाट लाभ लिइरहेका छन् । यो राष्ट्रिय सुरक्षाका दृष्टिले गम्भीर चुनौती हो । यसैले सम्पूर्ण भू-भागमा सहज पहुँचको अवस्था सिर्जना गर्न राज्य तत्पर हुनुपर्छ । राज्यले राज्यका सवै भू-भागमा नेपाली जनताको सहज पहुँचको अवस्था सिर्जना गरेमा राष्ट्रिय सुरक्षा स्वतः सबल बन्न पुग्दछ ।

**निष्कर्ष**

देशको राष्ट्रिय सुरक्षा र देशको विकास एक अर्काका परिपूरक हुन् । यसका लागि देशको राजनीतिक व्यवस्था वा शासन प्रणाली, देशको आर्थिक अवस्था वा नीति, अन्तर्राष्ट्रिय सम्बन्ध, सामाजिक विकास, सामाजिक साँस्कृतिक सम्बन्ध, वातावरणीय सन्तुलन र सुरक्षा, विकास-निर्माण, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्यको

विकास सबल भएमा मात्र राष्ट्रिय सुरक्षा पनि सबल हुन्छ। राष्ट्र राष्ट्रिय सुरक्षाका दृष्टिले सबल हुँदैन तब देश विकास हुन सक्दैन। सामाजिक-साँस्कृतिक सद्भाव नहुनु, आन्तरिक कलह सिर्जना हुनु, राजनीतिक अस्थिरता हुनु, उद्योग कलकारखानाको विकास नहुनु आदिले राष्ट्रिय सुरक्षालाई कमजोर बनाउँछ। तसर्थ राष्ट्रिय सुरक्षा र विकास एक सिक्काका दुई पाटा भएका हुनाले एकको अभावमा अर्को पूर्ण हुन सक्दैन।

**सन्दर्भ सामग्री सूची**


ग्रिजोल्ड, ए., (सन् १९९४), *द कन्सेप्ट अफ नेसनल सेक्युरिटी इन द कन्टेम्पोररी वर्ल्ड, इन्टरनेसनल जोर्नल अन वर्ल्ड पिस,* भोलुम ११, नं.३, पृ. ३७-५३, JSTOR, www.jstor.org/stable/20751984.

दुवाडी शर्मा, नारायणप्रसाद, (२०७६), *राष्ट्रिय सुरक्षा व्यवस्थाको परिचय, नयाँपत्रिका दैनिक* २०७६ जेठ ५ आइतबार, https://www.nayapatrikadaily.com/news-details/14522/2019-05-19

बराल, बि., *सेक्युरिटी च्यालेन्ज अफ स्मल स्टेट,* भोलुम १७, पृ १, https://www.nepjol.info/index.php/JPS/article/view/20510/16851

बराल, एल. (सन् १९८६), *नेपालस् सेक्युरिटी पोलेसी एन्ड साउथ एसियन रिजनलिजम,* एसियन सर्भे, भोलुम २६, नं.११, पृ १२०७-१२१९, JSTOR, www.jstor.org/stable/2644316

बस्न्यात, बि., (सन् २०१७, जुन ९), *नेसनल सेक्युरीटी,* द काठमाण्डू पोष्ट, https://kathmandupost.com/valley/2017/06/09/national-security

बस्न्यात, बि., (२०७६) *रिसेन्ट पोलिटिकल एण्ड सेक्युरिटी डिसिजन एण्ड इट्स इम्प्याक्ट,* भोलुम १२, नं. २०, जेष्ठ २४, २०७६, doi: 584, https://www.spotlightnepal.com/2019/05/13/recent-political-and-security-decisions-and-its-impact/

ब्राउन, एल. आर, (सन् १९८६), *रिडीफाईनीङ नेसनल सेक्युरिटी, च्यालेन्ज,* भोलुम २९, नं.३, पृ. २५-३२, JSTOR, www.jstor.org/stable/40721024.

म्याक्लुहान, एम., (सन् २०१३) *कन्टेक्स्ट अफ प्राक्टिस,* २०१३, डिसेम्बर ८ आइतबार, http://a-mushtaq1114-dc.blogspot.com/2013/12/marshall-mcluhan-global-village.html